# राहदानी ऐन, २०२४

**<u>लालमोहर र प्रकाशित मिति</u>**

२०२४।६।११

| <u>संशोधन गर्ने ऐन</u> | <u>प्रमाणीकरण र प्रकाशन मिति</u> |
|---|---|
| ◆ १. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन (संशोधन) गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| २. केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ | २०७२।०६।१४ |
| ३. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |

**२०२४ सालको ऐन नं. २१**

⏭ ..........................

**<u>राहदानी सम्बन्धी व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u>** : विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीका सम्बन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले,

<u>श्री ५ महाराजाधिराज</u> महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई जारी गरिबक्सेकोछ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यस ऐनको नाम “राहदानी ऐन, २०२४” रहेकोछ ।

(२) यो ऐन नेपाल ⏭........ भर लागू हुनेछ र जहाँसुकै रहे बसेको भए तापनि नेपाली नागरिकहरूलाई लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोध गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



नेपाल कानून आयोग

२. **परिभाषा** : यस ऐनमा “राहदानी” भन्नाले विदेश भ्रमणमा जाने नेपाली नागरिकलाई त्यस्तो भ्रमण गर्न अनुमति प्रदान गरी त्यस्तो भ्रमणमा जाने देशहरू तथा समय तोकी नेपाल सरकारबाट दिइने लिखत सम्झनुपर्छ ।

३. **राहदानी लिनुपर्ने** : विदेशयात्रामा जाँदा नेपाली नागरिकले आफ्नो नाममा जारी भई बहाल रहेको राहदानी लिएर मात्र जान सक्नेछ ।

तर नेपाल सरकार र कुनै विदेशी सरकारको बीच भएको सन्धि सम्झौता अनुसार कुनै देशमा जान नेपाली नागरिकलाई राहदानी लिन नपर्ने व्यवस्था भएमा त्यस्तो देशको भ्रमण निमित्त राहदानी लिनु पर्ने छैन ।

४. **राहदानी जारी गर्ने अधिकार** : नेपाल सरकारले वा नेपाल सरकारको तर्फबाट अधिकार प्राप्त भएका विदेशस्थित ⏭ .......... नेपाली राजदूतावास वा अन्य नियोगले मात्र राहदानी जारी गर्न सक्नेछ ।

तर,-

(१) राहदानी जारी गर्ने अधिकारीले कुनै कारण देखाई *........... कुनै व्यक्तिलाई राहदानी दिन अस्वीकार गर्न सक्नेछ,

(२) नेपाल सरकारले कुनै कारण देखाई *............ कुनै समय पनि जारी भइसकेको राहदानीलाई खिच्न वा रद्द गर्न सक्नेछ, र

(३) राहदानी बमोजिम विदेश भ्रमण गरिरहेका व्यक्ति जहाँसुकै नै रहे बसेको भए तापनि तत्सम्बन्धमा नेपाल सरकारले दिएको आदेश वा निर्देश पालन गर्नु निजको कर्तव्य हुनेछ ।

☑५. **सजाय** : कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ :–

(क) आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना ।

(ख) जानीजानी झुट्टा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्ने उद्योग गरेमा वा दफा ३ विपरीत विदेशको भ्रमण गरेमा वा गर्ने उद्योग गरेमा

---

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

* केही नेपाल कानून संशोधन तथा खारेज गर्ने ऐन, २०७२ द्वारा झिकिएको ।

☑ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सो बाहेक अन्य उद्देश्यको लागि राहदानीको प्रयोग गरेमा तीन वर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिबाना ।

(ग) खण्ड (क) र (ख) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम कारबाही गरेमा निजलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँ सम्म जरिबाना ।

६. **नेपाल सरकार वादी हुने** : (१) दफा ५ अन्तर्गत दण्ड सजाय हुने कसूरको अभियोगमा चलाइने मुद्दा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा अदालतमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरीबाट दायर हुनेछ ।

(२) कसैले दफा ५ अन्तर्गत सजाय हुने अपराध गरेको छ वा गर्ने उद्योग गरेको छ भन्ने शंका गर्नुपर्ने मनासिब माफिकको कारण भएमा जुनसुकै प्रहरीले त्यस्ता व्यक्तिलाई विना वारेण्ट गिरफ्तार गरी कारवाहीका लागि आफ्नो अधिकारीमा घटीमा इन्स्पेक्टर दर्जाको प्रहरी समक्ष पेश गर्नेछ ।

७. **नियम बनाउने अधिकार** : (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरूमा खास गरेर देहायका विषयमा व्यवस्था गर्न सकिनेछः-

(क) विभिन्न कामको लागि जारी गरिने राहदानीको वर्गीकरण तथा राहदानी सम्बन्धी शर्तहरू,

(ख) राहदानी वापत लाग्ने दस्तुर,

(ग) राहदानीको नवीकरण र तत्सम्बन्धी दस्तुर,

(घ) अन्य आवश्यक कुराहरू ।[']

['] **द्रष्टव्यः**- केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु -:
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।